सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक २९७ ♦ २०८२ साल जेष्ठ २८ गते बुधवार ♦ 11 June 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## एमालेका प्रदेश सांसद ठाकुरसहित १७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर



**खबर दर्पण समाचारदाता**

**जेष्ठ २७ गते, बर्दिवास**

भवन निर्माणमा अनियमितता गरेको आरोपमा सत्तारुढ दल नेकपा एमालेका मधेश प्रदेश सांसद दीपेन्द्रकुमार ठाकुरविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीसहितका व्यक्तिलाई प्रतिवादी बनाएर मंगलबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

ठाकुरसहित १७ जनाविरुद्ध सजाय माग दाबी गरिएको छ। ठाकुर धनुषा ३(२) बाट निर्वाचित सांसद हुन् । उनी मधेश प्रदेश सभामा एमाले संसदीय दलका उपनेता पनि छन् । भ्रष्टाचारको मुद्दा लागेसँगै उनको सांसद पद निलम्बनमा परेको छ ।

डीएन्डएन बिल्डर्स प्रालिका तत्कालीन प्रबन्ध निर्देशकसमेत रहेका ठाकुरले धनुषाको औरही गाउँपालिकामा १५ शय्याको अस्पताल निर्माणका क्रममा हिनामिना गरेको आरोप अख्तियारले लगाएको छ ।

ठाकुरसहित औरहीका तत्कालीन अध्यक्ष ब्रम्हदेव यादव, तत्कालीन उपाध्यक्ष मिरादेवी सहनी, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सुवोधकुमार ठाकुर, वडा नम्बर १ का अध्यक्ष आशेश्वर यादव, वडा २ का अध्यक्ष अमितकुमार यादव, वडा ३ का अध्यक्ष गंगाप्रसाद यादव, वडा ४ का अध्यक्ष शिवनाथ साह, वडा ५ का परमेश्चर कुमार साह र वडा ६ का अध्यक्ष दिलीकुमार साहविरुद्ध मुद्दा दायर

*बाँकी पृष्ठ २*

## मधेस सरकारको नीति तथा कार्यक्रम सर्वसम्मतले पारित

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २७ गते, बर्दिवास**

मधेस प्रदेश सरकारको नीति तथा कार्यक्रम सर्वसम्मतले पारित भएको छ ।

प्रदेश सभाको आज बसेको बैठकले मधेस प्रदेश सरकार को नीति तथा कार्यक्रम सर्वसम्मतले पारित गरेको हो।

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले आर्थिक वर्ष २०८२/८३ को लागि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी द्वारा प्रदेश सभामा प्रस्तुत गरिएको नीति तथा कार्यक्रम पारित गर्नका लागि प्रस्ताव पेश गरेपछि बैठकले सर्वसम्मतले पारित गरेको हो ।

प्रदेश सरकारको नीति तथा कार्यक्रम माथि दुई दिनको छलफल भएपछि पारित गरिएको हो ।





यस अघि छलफलको क्रममा प्रदेश सभाका सदस्यहरुले उठाउनु भएको प्रश्नहरूको जवाफ मुख्यमन्त्री सतिशकुमार सिंहले दिएका थिए ।

नीति तथा कार्यक्रम पारित गर्नका लागि प्रदेशसभामा सभामुख रामचन्द्र मण्डलले ध्वनि मतको आधारमा पारित गर्नका लागि बैठकमा निर्णायार्थ पेश गर्दा विपक्षमा कुनै प्रदेश सभाका सदस्यले मत जाहेर नगरेपछि सर्वसम्मतले पारित भएको सभामुखले घोषणा गरे ।

यसअघि प्रदेश सभामा चार जना प्रदेश सभाका सदस्यहरुले नीति तथा कार्यक्रममा संशोधन गर्नका लागि प्रस्ताव दर्ता गराएकोमा सभामुख मण्डलले प्रस्ताव दर्ता कर्तालाई फिर्ता लिनका लागि आग्रह गर्दा फिर्ता नलिएपछि उक्त प्रस्तावहरू निर्णायार्थ प्रस्तुत गर्दा बहुमतले अस्वीकृत भएको हो ।

## नेपाली विद्यार्थीले संसारको जुनसुकै विश्वविद्यालयमा प्रतिस्पर्धा गर्न सक्छ : प्रम ओली

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २७ गते, बर्दिवास**

प्रधानमन्त्री केपी शर्मा ओलीले राजर्षि जनक विश्वविद्यालय गुणस्तरीय शिक्षाको हव हुने बताउनुभएको छ । यस विद्यालयको कुलपति समेत रहनु भएका प्रधानमन्त्री ओलीले मङ्गलवार जनकपुरधाममा आयोजित राजर्षि जनक विश्वविद्यालयको प्रथम दीक्षान्त समारोहलाई सम्बोधन गर्नुहुँदै सरकारले लक्ष्यअनुसार काम गर्ने र विश्वविद्यालय गुणस्तरीय बनाउने प्रतिबद्धता जनाउनु भएको हो ।

प्रधानमन्त्री ओलीले ज्ञान र दर्शनको महत्त्वपूर्ण केन्द्र मानिने यस विश्वविद्यालयमा पहिलो पटक दीक्षान्त समारोह हुनुले यस क्षेत्रको पिछडोपनलाई संकेत


*बाँकी पृष्ठ २*



शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी


✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# नेपाली विद्यार्थीले संसारको जुनसुकै ........................

गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'शासकीय स्वार्थीपन, अव्यवस्था र कुव्यवस्थाका कारण यो ठाउँ पछि परेको थियो, तर अब वास्तविक लोकतन्त्रको अभ्यास गर्दै अघि बढ्ने छौँ ।' उहाँले विश्वविद्यालयको नाम राजर्षि जनकबाट नामकरण हुनु ऐतिहासिक महत्त्व राख्ने उल्लेख गर्दै, यस विश्वविद्यालयबाट दीक्षित विद्यार्थीहरूले विश्वका कुनै पनि नागरिकसँग प्रतिस्पर्धा गर्न सक्षम हुने विश्वास व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री ओलीको यो प्रतिबद्धता र विश्वविद्यालयका विद्यार्थीप्रति उत्साहजनक दृष्टिकोणले आगामी दिनमा क्षेत्रीय विकास र शैक्षिक उन्नतिमा नयाँ आयाम थपिने अपेक्षा गरिएको छ ।

ओलीले विद्वान पुर्खाका सन्तान नेपाली विद्यार्थीले संसारको जुनसुकै विश्वविद्यालयमा प्रतिस्पर्धा गर्न सक्ने बताउनुभयो ।

'नेपाल ज्ञानको भूमि हो। शैव र विश्वामित्रजस्ता पुरानो सभ्यता भएको मुलुक हो। विश्वको पहिलो आयुर्वेदाचार्य चरक ऋषि यही देशका हुन्', कुलपति ओलीले भन्नुभयो, 'पूर्वीय दर्शन अन्धविश्वासमा आधारित हो भन्ने भ्रम दिन खोजिएको छ, त्यो सही छैन। यो त सिद्धान्त हो। अनुभूति, अनुभव र ज्ञानको सङ्गहबाट सिद्धान्त बन्छ भन्ने आधारमा यो दर्शन रहेको छ। यस दर्शनका हिमायतीहरू विश्वमा कमजोर हुन सक्दैनन्।'

प्रधानमन्त्री ओलीले दीक्षित विद्यार्थीलाई मिहिनेत गरेमा सफलता हात लाग्ने र रुचिको विषय पढ्ने अवसर प्राप्त भएमा हरेक विद्यार्थीले आफूभित्रको सम्भाव्यता प्रस्फुटित गराउने सक्ने बताउनुभयो।



'तपाईंहरूले यहाँ पाउनुभएको ज्ञान र दीक्षाका आधारमा तपाईंहरू संसारको जुनसुकै विश्वविद्यालयमा प्रतिस्पधार्मा जान सक्नुहुन्छ। तपाईंहरुमा म पठित छु भन्ने घमण्ड होइन, मानवता र करुणाको भावना हुनुपर्छ। विद्याले विनयशीलता विनयशीलताले राम्रो पात्रता, पात्रताले धन र धनले सुख दिन्छ।' प्रधानमन्त्री ओलीको सन्देश थियो।

विभिन्न संकाय र तहका १२५ विद्यार्थी दीक्षित भएको समारोहमा वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमलले दीक्षान्त मन्तव्य व्यक्त गर्नुभएको थियो।

## एमालेका प्रदेश सांसद....

गरिएको हो ।

यस्तै पालिकाका तत्कालीन इन्जिनियर सोनु साह, सबइन्जिनियर विनितकुमार साह, खरिदार मोहनकुमार मण्डल र मनोजकुमार यादव, लुम्बिनी/डीएन्डएन जेभीका तत्कालीन प्रबन्ध निर्देशक विष्णुप्रसाद शर्माविरुद्ध पनि मुद्दा दायर भएको हो ।

ठाकुरसहित १७ जनाविरुद्ध जनही ६ करोड ७९ लाख १२ हजार ३८३ रुपैयाँ बिगो कायम गरी कैद तथा जरिवानाको माग गरिएको छ ।


छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
मिर्चैया नगर पालिका, सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
सखुवाअन्कारकट्टी गाउँपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
लक्ष्मीपुर पतारी गाउँपालिका, सिरहा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
धनगढी माई नगर पालिका, सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
विष्णुपुर गाउँपालिका, सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
बरियारपट्टी गाउँपालिका, सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
लहान नगर पालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
सिरहा नगर पालिका, सिरहा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
भगवानपुर गाउँपालिका, सिरहा


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिजज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेस प्रदेशका जिल्लाहरूमा चर्को घाम तथा गर्मीले जनजीवन प्रभावित

**खबर दर्पण समाचारदाता**
**जेष्ठ २७ गते, बर्दिवास**

विगत तीन दिनदेखि मधेस प्रदेशका जिल्लाहरूमा बिहानदेखि नै चर्को घामसँगै गर्मी बढेका कारणले जनजीवन प्रभावित बनेको छ ।

मधेस प्रदेशका जिल्लाहरूमा बिहान नै देखिको चर्को घामले सर्वसाधारणलाई घर बाहिर निस्कनमा समस्या हुनुका साथै खुल्ला आकाशमुनि काम गर्ने श्रमिक वर्ग निक्कै मारमा परेका छन् ।

बिहानदेखि बेलुकासम्म लाग्ने गरेको घामका कारणले सर्वसाधारणको शरीरमा घाउ खटिरा आउने, पेट तथा टाउको दुख्ने जस्ता समस्याहरू देखा पर्न थालेका छन् । यता चर्को घाम तथा गर्मीले दिउँसोको समयमा बजार क्षेत्रमा चहलपहलमा समेत कमी आएको छ ।

चर्को घाम तथा गमीबाट जोगिनका लागि काँक्रो, खरबुजा, चिसो पेय पदार्थ, कागती पानी तथा सातुको विक्रीमा अत्यधिक मात्रामा वृद्धि भएको छ । चिकित्सकहरूले चर्को घा तथा गर्मीमा घर बाहिर ननिस्कन अनुरोध गर्नुका साथै खेतमा बिहान बेलुका काम गर्नका लागि सुझाव दिनुभएको छ ।

चर्को घाम तथा गर्मीमा अत्यावश्यक काम भएको खण्डमा पातलो तथा हल्का कपडा मात्र प्रयोग गर्न चिकित्सकहरूले सुझाव दिनुभएको छ । गर्मीबाट हुने जोखिमबाट बच्न अत्यधिक मात्रामा पानी तथा झोल पदार्थ सेवन गर्न चिकित्सकहरूले आग्रह गर्नुभएको छ ।




**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

**गोलबजार नगरपालिका, सिरहा**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

**अर्नमा गाउँपालिका, सिरहा**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

**नवराजपुर गाउँपालिका, सिरहा**

**सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं ।

**सुखीपुर नगरपालिका, सिरहा**

**सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं ।

**कर्जन्हा नगरपालिका, सिरहा**

**सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं ।

**नरहा गाउँपालिका, सिरहा**

**सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं ।

**कल्याणपुर नगरपालिका, सिरहा**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

**औरही गाउँपालिका, सिरहा**

# राजविराज लफडा : ताला फुटाएर प्रमुख प्रशासकीय अधिकृतको पदस्थापन

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २७ गते, बर्दिवास**

राजविराज नगरपालिकामा तीन दिनदेखि लगाइएको ताला फुटाएर निमित्त प्रमुख प्रशासकीय अधिकृत भोगेन्द्रप्रसाद यादवलाई मङ्गलबार पदभार ग्रहण गराइएको छ ।

कार्यवाहक नगर प्रमुख इससरत परवीन सहितका जनप्रतिनिधिहरूले नगर पालिकामा लगाइएको ताला फुटाउँदै कार्यालयमा प्रवेश गरि तनावकाबी यादवको पदभार ग्रहण गराउनुभएको हो ।

निलम्बित नगर प्रमुख भीमराज यादवसहित उहाँका समर्थकहरूले प्रमुख यसअघिका प्रमुख प्रशासकीय अधिकृतको डा.श्रवण साहको सरुवाको विषयलाई लिएर आइतबार ९ बुँदे मागअघि सार्दै लगाइएको ताला फुटाएर कार्यवाहक नगर प्रमुख परवीन सहितका जनप्रतिनिधिहरूले कार्यालय प्रवेश गरेपछि स्थिति तनावपूर्ण बनेको थियो ।

संघीय मामिला तथा सामान्य प्रशासनले यसअघिका प्रमुख प्रशासकीय अधिकृत साहको सरुवा गर्दै नगरपालिकाका शिक्षा अधिकृत भोगेन्द्रप्रसाद यादवलाई निमित्त प्रमुखको जिम्मेवारी दिएको थियो। त्यही विषयलाई लिएर कार्यवाहक नगरप्रमुख परवीन र निलम्बित नगर प्रमुख यादवबिच विवाद चुलिएको थियो ।

कार्यवाहक नगर प्रमुख परवीन विधीको शासन लागु गर्न मन्त्रालयले खटाएको कर्मचारीलाई हाजिर गराई जिम्मेवारी दिनुपर्ने पक्षमा र निलम्बित नगर प्रमुख यादव सोको विरोध गर्दै डा.साहलाई नै सो जिम्मेवारीमा राख्नुपर्ने अडान लिएपछि दुवै पक्षबिच सहमति नहुँदा नगरपालिका परिसर तनावग्रत बनेको हो ।

प्रमुख प्रशासकीय अधिकृत यादव पदभार ग्रहण गरिरहँदा प्रदर्शनमा उत्रिएका निलम्बित नगरप्रमुख यादव समर्थकहरूको कुटाईबाट नगरपालिकाको लेखापाल शत्रुघन दास र सामाजिक अभियन्ता कमलकिशोर साह घाइते भएका छन् । उनीहरुको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचार भइरहेको छ ।



प्रदर्शनकारीले ढुङ्गामुढा गर्दा कार्यालयका झ्याल ढोकाको सिसा, तीन वटा मोटरसाईकल, कार्यवाहक मेयर चढने गाडीको सिसा र कार्यालय प्रांगनमा जडान रहेको दुईवटा सिसि क्यामरा फुटाई दिएको कार्यवाहक नगर प्रमुख परवीनले बताउनुभयो ।

नगरपालिकाबाट सहज रुपमा सेवा प्रदान गर्नका लागि ताला खोलिदिन पटक पटक आग्रह गर्दा पनि बेवास्ता गरेको र छलफलमा पनि निलम्बित मेयर भीमराजको एकलौटी अडान लिएका कारण निकास निस्किने सम्भावना नदेखेपछि नगरवासी र प्रशासनको सहयोगमा ताला फोड्न बाध्य भएको उहाँको भनाइ छ । कार्यवाहक प्रमुख परवीनको साथमा करीव आधा दर्जन वडाध्यक्ष, कार्यपालिका सदस्य, केही वडा सदस्य तथा नागरिक अगुवा सहितको सहभागिता थियो ।

आम नगरवासीलाई सत्यको पक्षमा खुलेर लाग्न गर्दै भ्रष्टाचार आरोपमा अदालतबाट समेत दोषी ठहर भई सकेका व्यक्तिबाट बिगत तीन वर्ष देखि नगरपालिकाको हरेक कामकाजमा यसरी हस्तक्षेप हुनु दुखद भएको कार्यवाहक नगर प्रमुख परवीनले बताउनुभयो । उहाँले कुटपीट र तोडफोडमा सहभागी भएकाहरूलाई अविलम्ब पक्राउ गरि कारवाहीको समेत माग गर्नुभयो ।

यसै विषयलाई लिएर दुबैपक्ष सोमबार दिनभर जिल्ला प्रशासन कार्यालयमा छलफलमा बसेपनि ताला खोलेर प्रमुख प्रशासकीय अधिकृत यादवलाई हाजिर गराउने सन्दर्भमा कुनै ठोस निष्कर्ष निस्कन सकेको थिएन । स्थिति तनावपूर्ण भएपछि राजविराज नगरपालिकामा ठुलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको छ ।

यसअघि निलम्बित नगर प्रमुख यादवले नगर क्षेत्रमा भएको सिसिटिभी क्यामेरा जडान प्रकरणमा छानबिन, नगरको ६८ विगहा क्षेत्रमा ब्लक र विटौरी जग्गामा बसोवास गर्दै आएको ५ हजार भन्दा बढी लालपुर्जाबाट वञ्चित परिवार लाई लालपुर्जा प्रदान, हटिया बजारको व्यवस्थापन, नगरका जीर्ण सडक र नालाको मर्मत सम्भार, लामखुट्टे विरुद्धको औषधी छर्किने व्यवस्था लगायतका माग अघि सार्दै कार्यालयमा तालाबन्दी गरि धर्ना सुरु गर्नुभएको थियो ।

आर्थिक वर्ष २०७३-७४ मा राजरङ्गशालाको स्तरोन्ती कार्यको ठेक्का लिएका न्यू गहिल कन्स्ट्रक्सनका सञ्चालक समेत रहेका भीमराज यादवसहित केही निर्माण कम्पनी विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा आरोप पत्र दायर गरेपछि निलम्बित भएका उहाँलाई विशेष अदालतले सफाई नदिएपछि सर्वोच्चमा पुनरावेदन गर्नु भएका उहाँको मुद्दा विचाराधिन अवस्थामा छ ।

यता निलम्बित नगर प्रमुख पक्षले अहिले पनि नगर पालिकाको गेटमा धर्नामा बसेका छन् भने सुरक्षाकर्मीको बाक्लो उपस्थिति रहेको छ ।

# शैक्षिक गुणस्तर खस्कँदै, सुधारका लागि सहकार्य जरुरी : मुख्यमन्त्री सिंह




**खबर दर्पण समाचारदाता**

**जेष्ठ २७ गते, बर्दिवास**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेशको शैक्षिक अवस्था दिनप्रतिदिन खस्किँदै गएकाले संघ, प्रदेश र स्थानीय तीनै तहका सरकार बीच समन्वय गरी शैक्षिक गुणस्तर सुधार आवश्यक रहेको बताएका छन्।

राजर्षि जनक विश्वविद्यालयका सहकुलपति समेत रहेका मुख्यमन्त्री सिंहले विभिन्न अध्ययन र तथ्यांकले मधेसको शैक्षिक अवस्था कमजोर देखाएको उल्लेख गर्दै संघीय सरकारले अन्य विश्वविद्यालयलाई जस्तै मधेस सरकारले स्थापना गरेको विश्वविद्यालयलाई पनि आर्थिक सहयोग गर्नुपर्ने धारणा राखे।

जनकपुरधाममा आज आयोजित विश्वविद्यालयको प्रथम दीक्षान्त समारोहमा बोल्दै उनले भने,'मधेसको शैक्षिक अवस्था सुधार्न तीनै तहको सरकारको समन्वय अत्यावश्यक छ। संघीय सरकारको सहयोगबिना प्रदेश सरकारले मात्रै गुणस्तरीय शिक्षा प्रदान गर्न सक्दैन।'

समारोहमा उनले दीक्षित विद्यार्थीहरूलाई बधाई तथा आगामी भविष्यका लागि शुभकामना दिएका थिए। उनले विश्वविद्यालयले प्रदेशमै उच्च शिक्षाको पहुँच वृद्धि गर्ने विश्वास व्यक्त गरे।


## तपाईको शहर वर्दिवासमाक




सम्पर्क गर्नुहोस् ।

044550565, 9801042026



## नियमित रुपमा स्वास्थ्य जाँच गरौं।

नियमित स्वास्थ्य परीक्षण किन ?

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

त्यसैले,

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

स्वास्थ्य कार्यालय, महोत्तरी

जलेश्वर


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा  मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,